**निर्णयहरु:-**

१. मिति २०७८ वैशाख १९ गतेको निर्णय कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

२. गृह मन्त्रालयको च.नं. ३२१६ मिति २०७८।०१।२८ को पत्रानुसार कृष्णनगर नाका छेउ नेपाली सेनाबाट निर्माण गरिने होल्डिङ्ग सेन्टरका लागि कृष्णनगर भन्सार कार्यालयको यार्डको उत्तर तर्फको कि.नं. १७९, (क्षेत्रफल०-७-०) १८०, (क्षेत्रफल०-१५-१७) १८१, (क्षेत्रफल०-१४-१५) र १८२ (क्षेत्रफल०-१५-०५) गरी जम्मा क्षेत्रफल २-१२-१७ रहेको जग्गा कृष्णनगर भन्सार कार्यालयको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा १० बमोजिमको सिफारिस समितिले मिति २०७८।०१।०७ मा सिफारिस गरेको उक्त कि.नं.हरु को जम्मा क्षेत्रफल २-१२-१७ मा होल्डिङ्ग सेन्टर निर्माण गर्नका लागि गृह मन्त्रालय र कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) मा अनुरोध गर्ने निर्णय गरियो ।

३. कपिलवस्तु अस्पताल र अस्थायी कोरोना अस्पतालमा कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको यथोचित रुपमा शव व्यवस्थापन गर्ने कार्यमा कपिलवस्तु न.पा. ले आवश्यक सहयोग पुर्याउने ।

४. कपिलवस्तु जिल्लामा शव वाहन नभएको हुँदा मेरी स्टोप्सले कपिलवस्तु न.पा. लाई हस्तान्तरण गरेको एम्बुलेन्स मर्मत गरी शव वाहनको रुपमा प्रयोगमा ल्याउन कपिलवस्तु न.पा.लाई अनुरोध गर्ने ।

५. जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र र जिल्ला सुरक्षा समितिको मिति २०७८।०१।१९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट जारी भएको निषेधाज्ञाको अवधिलाई मिति २०७८।०२।१० गते रातीको १२:०० बजे सम्म थप गर्ने ।

६. निषेधाज्ञाको पालनामा अझ कडाई गर्न सबै पालिकाहरुले प्रचार प्रसार गर्ने । साथै बिहान ९:०० बजे देखि दिउँसो १:०० सम्म पनि अनुमति नलिएका सवारी साधन तथा मोटर साईकल चलाउन नपाउने हुँदा थप कडाई गर्ने ।

७. कपिलवस्तु अस्पताललाई आर्थिक वा उपकरण तथा स्वास्थ्य सामाग्री सहयोग गर्न चाहने संस्था, व्यक्ति वा दाताले सिधै अस्पताल विकास समितिको खातामा रकम जम्मा गर्न र स्वास्थ्य सामाग्री अस्पताल व्यवस्थापनलाई नै हस्तान्तरण गर्न अनुरोध गर्ने । साथै जिल्लाका सबै पालिकाहरुले पनि आर्थिक सहयोग उपलब्ध गराउने ।

८. सबै पालिकाहरुले आफ्नो वडा कार्यालयहरुबाट स्वास्थ्यकर्मी मार्फत घर घरमा बिरामी रहेकाहरुको निगरानी गर्ने, एन्टिजेन्ट टेस्ट गराउने र पोजेटिभ भई घरमा बसेका बिरामीहरुलाई उपचारको व्यवस्था मिलाउने ।

९. कपिलवस्तु अस्पतालले आफ्नै अक्सिजन प्लान्ट स्थापना गर्न आवश्यक पहल गर्ने । सबै पालिकाहरु, संस्था तथा निकायले उक्त कार्यमा आवश्यक सहयोग गर्ने ।

१०. कपिलवस्तु अस्पतालको लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा हाल भएको सेवा ICU, E.R, Fever Clinic, HDU(अस्थाइ अस्पताल ) र कोरोना ल्याव चलाउन तपसिल बमोजिम थप जनशक्ति आवश्यक परेकाले भर्ना गर्न अस्पताल विकास समितिलाई अनुरोध गर्ने र सो को स्रोत व्यवस्थापनका लागि लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

<u>तपसिल</u>

१. डाक्टर/ मे.अ./ एम.डी. :- ७ जना
२. स्टाफ नर्स / अ.न.मि. :- २२ जना
३. हे.अ./सि.एम.ए. :- ८ जना
४. ल्याव टेक्निसियन/ Lab Assistant / BMLT :- ७ जना
५. कार्यालय सहयोगी :- ८ जना
६. स्वीपर :- ८ जना

११. गृह मन्त्रालयको च.नं. ३१५८ मिति २०७८।०१।२० को पत्र तथा नेपालबाट एसोसियसन, कपिलवस्तुको च.नं.मिति २०७८।०१।२६ र इमेलबाट बैक बन्द गर्न अनुरोध गरिएको वियषमा बैठककमा छलफल गरियो ।

२०७८।१।२९